# बाह्रौं वार्षिक साधारण सभामा अध्यक्ष बाट प्रस्तुत वार्षिक प्रगति प्रतिबेदन

**आदरणिय शेयरधनी सदस्यज्यूहरु,**

यस सन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुमा संचालक समितिको तर्फबाट सर्वप्रथम हार्दिक आभार व्यक्त गर्न चाहन्छु। संस्थाको बाह्रौं वार्षिक साधारण सभामा उपस्थित भएर आ.व. २०७६।२०७७ को प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महशुस गरेको छु।

सहकारीको उद्देश्य अनुरुप सहकार्यवाट समाजलाई समय सापेक्ष वनाउनु र आर्थिक समुन्नतीको मार्गवाट रुपान्तरण गर्नका लागि शुरुमा ४१ जना संस्थापक शेयरधनी सहभागी वाट रु. दश लाख पच्चिस हजार पूँजीवाट सुरु गरेको यस संस्थामा आजको मिति सम्म आईपुग्दा ३७८ जना शेयर सदस्य र शेयर पूँजी रु. दुई करोड चौवालिस लाख नौ हजार आठसय पुऱ्याउन सफल भएको व्यहोरा अवगत गराउन चाहन्छौं। यस सफल यात्राका सहयात्री सम्पूर्ण आदरणिय शेयरधनी तथा शुभेच्छुक महानुभावहरुमा संस्थाको तर्फवाट आभार प्रकट गर्न चाहन्छु साथै आगामी दिनहरुमा पनि निरन्तर रुपमा स्तरीय एवम् विश्वसनिय सेवा प्रदान गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्दछौं।

संस्थाको आ.व.२०७६।२०७७ को आय व्यय विवरण यस संस्थाको एघारौं साधारण सभाले अनुमोदन गरेको पि.मैनाली एण्ड एशोसियटस् वाट लेखा परीक्षण गराई तयार गरिएको लेखा प्रतिवेदन तथा आ.व.२०७७।२०७८ को अनुमानित बजेट संस्थाका कोषाध्यक्षज्यूले यहाँहरु समक्ष प्रस्तुत गर्नु हुने छ र त्यस माथि छलफल हुने नै छ।। कोभिड-१९ को महामारीले बैंकहरुले दिने व्याजमा गिरावट आएको र सन्दर्भ व्याजदरमा भएको परिमार्जनले संस्थाले थप चुनौतीको सामना गर्नु पर्ने छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड द्वारा विभिन्न मितिहरु ( लक डाउनको अवधि ) मा ZOOM मार्फत Virtual Training को आयोजना गरी प्रदान गरेको "कोरोना सन्त्रास तनाव व्यबस्थापन र सहकारी संचालन", "कोरोना महामारीमा सहकारी व्यवस्थापनमा हाम्रो जिम्मेवारी","सहकारीमा सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धमा समस्या तथा समाधान","कोभिड-१९ र सहकारीमा तरलता व्यवस्थापन","महामारीमा व्यवस्थापकको भूमिका"," महामारीमा साधारण सभा संचालन प्रकृया" इत्यादि विषयका तालिमहरुमा संस्थाका अध्यक्ष श्री लिला राज पाठक, कोषाध्यक्ष श्री भरत कुमार श्रेष्ठ तथा कर्मचारीहरुले भाग लिएका थियौं।

ऋण प्रवाहलाई लाई सुरक्षित वनाउन संस्थाले ऋण प्रवाह र ऋण असुलीलाई अत्यन्त गम्भीरतापूर्वक लिएको छ। व्याज मुनाफाको प्रलोभनभन्दा पनि सुरक्षित र भरपर्दो लगानीलाई विगतका वर्षहरुमा झैं यस वर्ष पनि संस्थाले बढी महत्व दिएको जानकारी गराउँदछौं। कोरोनाको महामारीका वावजुद पनि संस्थाको गतिविधिलाई सुरक्षित संयमितताका साथ अगाडि बढाई आर्थिक गतिविधिलाई चलायमान बनाउन कोशिश गरेका छौं। कोभिड-१९ को कारण लक डाउनबाट शेयरधनी सदस्यज्यूहरुलाई परेको मर्कालाई मनन गरी संस्थाले सो अवधिभरको व्याजमा केही छुट तथा व्याजमा लाग्ने हजर्ना छुटको व्यबस्था पनि गरेको व्यहोरा अवगत गराउँदछौं। कोभिड-१९ को महामारीको विषम परिस्थितिले अर्थतन्त्र अस्तव्यस्त भएको भए पनि केही शेयरधनी सदस्यज्यूहरुवाट सावाँ तथा व्याज असूलीमा प्राप्त सहयोगलाई धन्यवाद दिन चाहन्छौ।

संस्थाले सामाजिक उत्तरदायीत्व भूमिका निर्वाह गर्ने सिलसिलामा यस संस्था रहेको सुविधानगर क्षेत्रको वातावरण स्वच्छ राख्न पोलिथिन झोलाको प्रयोगलाई निरुत्साहित गर्न एकीकृत उपभोक्ता संघले चालेको अभियानलाई सहयोग पुऱ्याउन यस संस्थाले पनि ५०० थान कपडाको झोला स्थानीय व्यक्तिहरु लाई वितरणको लागि एकीकृत उपभोक्ता संघ लाई प्रदान गरेको थियो। विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस नियन्त्रण गर्न नेपाल सरकारले गरेको लक डाउनबाट रोजगारी गुमाउन पुगेका वर्गहरुलाई काठमाण्डौ महानगर पालिका वडा नं ३२ ले गरेको राहत वितरणको कार्यक्रमलाई सहयोग पुऱ्याउन यस संस्थाले पनि १६ बोरा जीरा मसिनो चामल प्रदान गरेको थियो।

सहकारी ऐन, २०७४ लागू भैसकेको परिप्रेक्ष्यमा यस संस्था पूर्णरुपमा नियम कानूनको पालना गर्दै अघि बढने छ। सहकारी ऐन २०७४ वमोजिम मौजुदा विनियमावली २०७७ ,निर्वाचन कार्यविधि २०७७, बचत तथा ऋण नीति २०७७, कर्मचारी प्रशासन नियामावली २०७७, सम्पत्ति शुद्धिकरण सम्वन्धी कार्यविधि २०७७ ,साधारण सभा संचालन कार्यविधि २०७७ र आर्थिक तथा प्रशासनिक नीति २०७७ संशोधन प्रस्ताव अनुमोदनको लागि अनुरोध गर्दछौं।

अन्त्यमा, यस सन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा सफल बनाउन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालक समिति, लेखा सुपरीवेक्षण समितिका साथीहरु, हाम्रो संस्था प्रति सद्भाव राखी संस्थाले उपलब्ध गराएको सेवा लिनु हुने सम्पूर्ण ग्राहकवर्ग तथा शुभेच्छुकहरुलाई संस्थाको तर्फबाट हार्दिक धन्यबाद दिदैं कृतज्ञता व्यक्त गर्न चाहन्छु। साथै हाम्रो यस सहकारी संस्थाका लक्ष्य प्राप्तिका लागि कर्तव्यनिष्ठ, लगनशील कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु। जय सहकारी , धन्यबाद।

लिला राज पाठक
अध्यक्ष

मिति : २०७७ कार्तिक ४ गते मंगलबार।